निर्णयहरु:

१. बिश्वब्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ रोगको यस पालिकाको संक्रमण अवस्था तथा पालिकाले कोभिड १९ रोगको उपचार, रोकथाम तथा नियन्त्रणमका सन्दर्भमा गरेका कार्यहरुको समीक्षा गरियो ।कोभिड रोगको उपचार, रोकथाम तथा नियन्त्रणमा पालिकामा उपलब्ध साधन श्रोत तथा जनशक्तिको अधिक्तम परिचालन गरी तपसिल बमोजिम गर्ने ।

- पहिलो चरणमा ७ बटै वडा कार्यालयमा कम्तिमा १० जनाको एन्टिजेन्ट परिक्षण गर्ने । यस कार्यको नेतृत्व पालिका स्वास्थ्य शाखा प्रमुखज्यूले गर्ने ।
- होम आइशोलेशनमा वसेका सक्रिय संक्रमितहरुको नियमित स्वास्थ्य अवस्थाको जानकारी सम्वन्धित स्वास्थ्य चौकी/स्वास्थ्य संस्थाको प्रमुख र वडा अध्यक्षले लिने र सोको जानकारी पालिका स्वास्थ्य प्रमुख, कोभिड अस्पतालका मेडिकल अधिकृतलाई जानकारी गराउने ।
- कोरोना परिक्षणको रिपोर्ट प्राप्त हुँदा साथ सम्वन्धित वडा अध्यक्ष र सम्वन्धित स्वास्थ्य चौकी/स्वास्थ्य प्रमुखलाई अस्थायी कोभिड अस्पताल मेडिकल अधिकृत एवम् पालिका स्वास्थ्य प्रमुखले मातहत कर्मचारी मार्फत तुरुन्त जानकारी गराउने ।कोरोना पोजेटिभ भएका संक्रमितलाई सुरक्षित साथ होमआइशोलेनमा वस्न र अवस्था अनुसार संस्थागत आइशोलेशनमा वस्न आवश्यक सल्लाहा तथा समन्वय गर्ने ।

२. नयाँ भेरियन्ट सहितको कोभिड रोगको संक्रमण फैलिएकोले यस रोगको उपचार,रोकथाम र नियन्त्रणमा खटिने जनशक्तिको स्वास्थ्य सुरक्षामा जोखिम पनि उत्तिकै हुने भएकोले स्वास्थ्य कर्मी तथा कोभिड रोगको विरुद्दमा कार्य गर्ने कर्मचारीको मनोवल उच्च गराउन स्वास्थ्य सुरक्षा जोखिमलाई विश्लेषण गरी फ्रन्टलाईनमा कार्य गर्ने १५ जना कर्मचारी तथा एम्वुलेन्स चालकलाई २०७८ बैशाख १ गते देखि २०७८ असार मसान्त सम्म प्रोत्साहन भत्ता/खाजा खर्च उपलब्ध गराउने गरि गाउँकार्यपालिको कार्यालयले मिति २०७७।१२।२५ गतेको निर्णयलाई समर्थन गर्ने ।

३. पैंयू खोला मगर समाजले हाल सञ्चालन गरेको एम्वुलेन्सलाई कोभिड रोगको उपचार, रोकथाम र निन्त्रणमा पालिका मार्फत सञ्चालन गर्न आवश्यक समन्वय गर्ने ।

४. पैंयू गाउँपालिका वडा नं. ४ हुवास स्वास्थ्य चौकीको स्तरोउन्नती गरि पाटनेथोकमा निर्माण हुने १० शैयाको अस्पताल निर्माणका लागि लागत अनुमान र संरचनाको विस्तृत परियोजना प्रतिवेदन तयार पार्ने कार्यका लागि गाउँपालिका र श्री स्पाइरल ग्रीड सलुसन प्रा.लि. भीमसेनगोला, काठमाण्डौं बीच

## मिति २०७८।२।११ को कार्यपालिकाको बैठकको निर्णयहरुः

भएको संझौता बमोजिम उक्त प्रा.लि.बाट मिति २०७७।०९।२३ मा लागत अनुमान रु. १२,५३,२१,८२७ समेतको विस्तृत परियोजना प्रतिवेदन गाउँपालिका समक्ष पेश भएकोमा उक्त परियोजना प्रतिवेदन कार्यालयको प्राविधिक शाखाबाट अध्ययन हुँदा निर्माण हुने अस्पतालको पछाडि Slope Stabilization Protection गर्न छुट भएको देखिएकोले र उक्त कार्यको डिजाईन तथा लागत अनुमान गर्न श्री स्पाइरल ग्रीड सलुसन प्रा.लिको दायित्वमा नपर्ने भनि उक्त प्रा.लि.ले मिति २०७७ पौष २१ गते पत्रबाट जानकारी पठाएको हुँदा उक्त कार्य गर्न यस कार्यालयमा सूचिकृत रहेको श्री बिलडिक डिजाइनर्स प्रा.लि. काठमाण्डौंलाई मिति २०७८।०१।२० गते कार्यदिश भए अनुसार रु.१,५७,००,२३६।८२ को लागत अनुमान सहितको डिजाइन प्रतिवेदन प्राप्त भएको अतः श्री स्पाइरल ग्रीड सलुसन प्रा.लि.ले तयार गरेको लागत अनुमान रु. १२,५३,२१,८२७ र श्री विलडिक डिजाइनर्स प्रा.लि. तयार गरेको लागत अनुमान रु. १५७,००,२३६ गरी अस्पतालको कुल लागत अनुमान रु. १४,१०,२२,०६३। (अक्षरेपी चौध करोड दश लाख बाइस हजार त्रिसठ्ठी रुपैया मात्र) हुन आउने देखिन्छ । अस्पताल निर्माणका लागि नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तयार गरेको आधारभूत अस्पताल भवन निर्माण सम्वन्धी निर्देशिका २०७७ को १०-Bed Primary Hospital Block (B2) मापदण्ड अनुसार अस्पताल निर्माणका लागि बजेट सुनिश्चितता रकम रु. १०,८३,३६,००० मात्र भएको साथै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं. १८१ मिति २०७८।१।१४ गतेको पत्रबाट स्वास्थ्य मन्त्रालयले पूर्ववत तोकिएको हुवास स्वास्थ्य चौकिलाई नै स्तरउन्नति हुने गरी सोही ठाउँमा बनाउन हुन भनी लेखिआएको ।अतः स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अस्पताल निर्माणका लागि बजेट सुनिश्चितता भएको रकमबाट मात्रै लागत अनुमान अनुसार निर्माण कार्य सम्पन्न नहुने हुँदा नपुग हुने बजेट रकम रु.३,२६,८६,०६३ (अक्षरेपी रु. तीन करोड छब्बीस लाख छयासी हजार त्रिसठ्ठी रुपैया मात्र) यस पालिकाले ब्यहोरेने गरी अस्पताल निर्माण कार्यलाई थप अगाडि बढाउने ।